वर्ष ४, अंक ४
असार २०७०, June 2013

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

## अध्यक्षको मन्तव्य



प्रिय मित्रहरू,

छैठौं परिषदको प्रथम अध्यक्षको हैसियतमा जिम्मेवारी सम्हालेको एकबर्ष पूरा भएको छ । संभवत यो अध्यक्षको हैसियतमा मेरा अन्तिम मन्तव्य हुनेछ । समग्रमा अघिल्लो वर्षलाई पछाडी फर्केर हेर्दा केही काम कोषेढुङ्गाको रूपमा सफलता हासिल गरेको साथै संस्थाले केही अग्रगामी कदम चालेको अवस्था देखिन्छ । लेखाव्यसायको नियमनकारी निकायको हैसियतले संस्थाले आफ्नो सरोकारवालाहरू जस्तै सदस्यहरू, बिद्यार्थीहरू, सरकार, समाज तथा राष्ट्रको भावना तथा चाहनालाई बुझी आफनो जिम्मेवारीलाई पूर्णरूपमा पालना गर्न सक्नेहुनु पर्दछ । विकास एक निरन्तर प्रक्रिया भएको हुंदा कुनै पनि कार्यलाई प्राथमिकता साथ अगाडी बढाउन नसकेमा सफलता प्राप्त गर्न सकिदैन । दीगो धारणा विना कुनै कार्य सफलहुन सक्दैन । यो वर्ष संस्थामा देखिएका केही अफ्ठेरो अवस्थाको बावजुद पनि संस्थाले अधिकांश रूपमा लक्ष्य हासिल गर्न सक्षम भएको छ ।

मेरा कार्यकाल (२०६९/०७०)मा भएका प्रगतिका संक्षिप्त बिवरणहरू निम्न रहेका छन् ।

### शिक्षा तर्फ

सिए. शिक्षाको विकास तथा बिद्यार्थी सधैनैं हाम्रो प्रमुख प्रथमिकतामा रहिआएका छन् । शिक्षा बिकासको हरेक कदमले संस्थाको उद्देश्य प्राप्तीका लागि मद्दत गर्नुका साथै एकाउन्टिङ्ग बडीको रूपमा संस्थालाई उच्च महत्वपूर्ण स्थानमा उभ्याउन सहयोग गर्नेछ ।

काठमाडौं बाहिर संस्थाको परीक्षा केन्द्र बिस्तार गर्ने लक्ष अनुरूप पूरा भएकोले यस वर्ष CAP I तहका बिद्यार्थीहरूले जुन २०१३ मा बिराटनगर, बुटवल तथा पोखरा परीक्षा केन्द्रबाट परीक्षा दिन पाएका छन् ।

सिए अध्ययनरत बिद्यार्थीहरूको सुविधा र विकल्पलाई ध्यानमा राखि यस आ.ब मा ५ वटा संस्था तथा कलेजलाई कोचिङ्ग तथा परीक्षा तयारी कक्षा संचालन गर्न सम्बन्धनता प्रदान गरिएको छ । यसबाट सम्बन्धनता प्राप्त गर्ने निकायको संख्या १७ पुगेको छ ।

साथै सवै तहका लागि अध्ययन सामाग्री तयार गरी बिद्यार्थीहरूलाई बितरण गरिएको छ । साथै यो वर्ष CAP I तहको बिद्यार्थी भर्ना संख्या १००० नाघेको छ भने सबै तहमा गरी सिए. शिक्षाका लागि संस्थामा नाम दर्ता गराउनेको संख्या लगभग १९०० पुगेको छ ।

यो धेरै उत्साहप्रद नतिजाले धेरै भन्दा धेरै बिद्यार्थी तथा अभिभावक बर्गमा संस्थाले गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको कुरामा विश्वास बढेको देखाएको छ । यस उत्साह जनक विश्वासलाई जोगाउनु संस्थाको लागि निकै चुनौती पूर्ण कार्य हो । यसका लागि हामीले बिकास कार्यक्रमहरू कार्यान्वयन गरी संस्थाको समग्र विकासमा योगदान पुऱ्याउने छौं ।

यस वर्ष संस्थाबाट जुन तथा डिसेम्बर महिनामा संचालित चार्टर्ड एकाउन्टेन्सी परीक्षामा ३१ जना संस्थाको चार्टर्ड एकाउन्टेन्टको निमित्त योग्य भएका थिए । यस संन्तोषजनक नतिजाले बिद्यार्थीहरूको मेहनत तथा परीश्रमलाई उजागर गरेको जस्तो मलाई लाग्दछ ।

### व्यवसायिक विकास

व्यवसायिक शिक्षाको क्षेत्रमा नियमित रूपमा संचालन हुदैं आएको

## मलेसीयन ईन्सटिच्यूट अफ एकाउन्टेन्ट्स संग समभ्फदारी पत्र (MOU) हस्ताक्षर सम्पन्न



MIA का अध्यक्षका साथ संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डे ।

मलेसियामा २१ जनवरी २०१३ मा सम्पन्न मलेसीयन ईन्सटिच्यूट अफ एकाउन्टेन्ट्स (MIA) तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था वीच भएको द्वीपक्षीय बार्तामा भएको समभ्फदारी अनुसार नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा मलेसीयन ईन्सटिच्यूट अफ एकाउन्टेन्ट्स (MIA) का वीच संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डे तथा MIA का अध्यक्ष श्री दातुक मोहमद नासिर अहमदका वीच प्राविधिक विषयमा सहयोग साथै लेखा व्यवसायको विकास, विस्तार तथा सदस्यहरूको क्षमता अभिबृद्धि लगायतका विषयमा सहकार्य गर्ने सम्बन्धी समभ्फदारी पत्र (MOU) मा बैशाख २७, २०६९ मा काठमाडौंमा एक कार्यक्रमका वीच हस्ताक्षर सम्पन्न भयो । यसबाट संस्थाले अन्य मुलुकहरूसंग आफ्नो पहिचान बढाउन सक्षम भएको छ । यो संभ्फौता हस्ताक्षर भएको मितिबाट तीनबर्ष सम्म लागु रहने छ ।

## आयकर सम्बन्धी तालिम सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले बिराटनगरमा मिति २०७० जेष्ठ १० गते आयकर सम्बन्धी एकदिने तालिम सम्पन्न गऱ्यो । तीन सेशनमा बिभाजन गरी संचालन गरिएको उक्त तालिममा आयकर सम्बन्धी विबिध पक्षलाई समेटिएको थियो । सो कार्यक्रममा सिए. महेश खनाल तथा संस्थाका सह-निर्देशक श्री विनोद प्रसाद न्यौपाने श्रोत व्यक्तिको रूपमा रहनु भएको थियो । तालिममा सहभागिता जनाउने संस्थाका सदस्यहरूलाई प्रमाणपत्र बितरण गरिनुका साथ ६ सिपिई क्रेडिट आवर प्रदान गरिएको थियो । कार्यक्रममा ६१ जनाको सहभागिता रहेको थियो ।

## Computer Assisted Auditing Technique (CAAT) तालिम सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले १९-२१, चैत्र २०६९ मा Computer Assisted Auditing Technique (CAAT) तालिम काठमाडौंमा सम्पन्न गऱ्यो । यस तालिमको उद्देश्य लेखापरीक्षण व्यवसायमा कम्प्युटरको प्रयोगमा क्षमता अभिबृद्धि गराउनु रहेको थियो । हाल बिभिन्न क्षेत्रमा कम्प्युटरको प्रयोग बढ्दै गईरहेको परिप्रेक्षमा लेखा तथा बित्त क्षेत्रमा पनि यसको प्रयोग निकै नै बढ्दै गएको देखिन्छ । कम्प्युटरको प्रयोगमा लेखाव्यवसायीहरूले दक्षता प्रस्तुत गरेमा लेखापरीक्षणमा सहजता ल्याउन सकिने कुरामा विश्वास गर्न सकिन्छ ।

सिपिईको अलावा सदस्यहरूको क्षमता अभिबृद्धि गर्ने अभिप्रायले यो बर्ष संस्थाले बिभिन्न कार्यक्रमहरू पूर्व योजना अनुसारनै संचालन गरेकोमा मैले खुशी महशुस गरेको छु ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले भारतको चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAI) को प्राविधिक सहयोगमा चैत्र ३०, २०६९ देखि बैशाख १५, २०७० सम्म संचालित कार्यक्रममा IFRS तथा IASका बिबिध पक्षहरू समेटिएको थियो ।

त्यस्तै, यस वर्ष Computer Assisted Auditing Techniques(CAAT) तालिम पनि संचालन गरिएको थियो ।

यसैगरी अन्य समसामयिक कार्यक्रमहरू कर्पोरेट गभर्नेन्स, बैंक अडिट, Members in Industries जस्ता कार्यक्रमहरू संचालन गरिएका थिए । केही कार्यक्रमहरू नियमनकारी निकायहरू नेपाल राष्ट्र बैंक, तथा धितोपत्र बोर्डको समेत सहकार्यमा संचालन गरिएको थियो ।

यी बिभिन्न कार्यक्रमहरूमा उल्लेख्य सहभागिताले संस्थालाई सदस्यहरूको चाहना र व्यवसायिक विकासको संबोधन गर्न यस्ता कार्यक्रमहरू संचालन गर्न हौसला प्रदान गरेको छ ।

## सदस्यता दर्ता

यस वर्ष सिए सदस्यहरूको संख्या ६६३ पुगेको छ । यस संख्याले केवल लेखाव्यवसायीहरूको संख्यामा मात्र बृद्वि नगराई लेखाव्यवसायको विकासका साथै नेपाली अर्थतन्त्रमा फाइनान्स तथा एकाउन्टिङ्ग क्षेत्रमा दक्ष जनशक्ति समेत आपूर्तिमा सहयोग पुगेको छ ।

## शाखा बिस्तार

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको चौथो शाखाको रूपमा पोखरा शाखा कार्यालयको स्थापना भयो । उक्त शाखाले नजिकका जिल्लाका सदस्यहरूलाई सेवा प्रदान गर्नुका साथै सिए शिक्षा लिन चाहने बिद्यार्थीहरूलाई समेत सहयोग पुऱ्याउन थालिसकेको छ । यस अघिनै बिराटनगर, बुटवल तथा वीरगंजमा यस संस्थाको शाखा कार्यालयहरू संचालनमा आईसकेका छन् । बिराटनगर शाखालाई पुरानो स्थानबाट नयां स्थानमा स्थानतरण गरिएको छ । यस शाखा बिस्तारले सरोकारवालाहरूसंग अन्तरक्रिया गर्ने बाटो समेत खुलेको छ । संस्थाले शाखा कार्यालय भएका स्थानमा सदस्यहरूको क्षमता अभिबृद्धि तालिम तथा अन्तरक्रिया कार्यक्रमहरू संचालन गर्दै आएको छ ।

## मलेसीयन ईन्सटिच्यूट अफ एकाउन्टेन्ट्ससंग समझदारी पत्र (MOU)हस्ताक्षर

दक्षिण एसियाली मुलुक तथा  विश्वका अन्य लेखा सम्बन्धी निकायहरूसंग प्राविधिक सहकार्य गर्ने हाम्रो आवश्यक्ता र सोच रही आएको छ । यस परिप्रेक्षमा मलेसीयन ईन्सटिच्यूट अफ एकाउन्टेन्ट्ससंग प्राविधिक विषयमा सहयोग साथै लेखाव्यवसायको विकास, विस्तार तथा सदस्यहरूको क्षमता अभिबृद्धि लगायतका विषयमा सहकार्य गर्ने सम्बन्धि समझदारी पत्र (MOU) मा बैशाख २७, २०६९ मा काठमाडौंमा एक कार्यक्रमका वीच हस्ताक्षर सम्पन्न भयो । यसबाट संस्थाले अन्य मुलुकहरूसंग आफ्नो पहिचान बढाउन सक्षम भएको छ । हस्ताक्षर कार्यक्रममा MIA का अध्यक्षको उपस्थिति रहेको थियो ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

संस्थाले अन्तर्राष्ट्रिय सदस्यता तथा सम्बन्धलाई सधै उच्च प्राथमिकतामा राखेको छ । संस्थाले विश्वका बिभिन्न लेखाव्यवसायी संस्थाहरूसंगको अन्तरक्रियाबाट हाम्रो ज्ञान र सीप अभिबृद्धि हुने कुरामा बिश्वास लिएका छौं ।

यस वर्ष संस्थाले SAFA तथा CAPA का दुईवटा अन्तर्राष्ट्रिय सम्मेलनहरू सफलताका साथ आयोजना गरेको छ ।

यस वर्ष संस्थाले क्यानडाको भेन्कोभरमा मे २०१३ मा आयोजित CAPA कमिटी र बोर्ड मिटिङ्ग तथा CAPA AGM मा भाग लियो । त्यस्तै, श्रीलंकाको कोलम्बोमा १७-१९ जून २०१३ सम्म CMA ICASL ले आयोजना गरेको SAFA कमिटी, बोर्ड मिटिङ्ग तथा अन्तर्राष्ट्रिय कन्फरेन्स CMA International Management Accounting Conference 2013 on "Sustainable Value Creation Through Cost Efficiency" मा समेत आफ्नो उपस्थिति जनाएको थियो ।

मित्रहरू, हाल बिश्वमा देशको अर्थतन्त्रको विकासको निमित्त लेखाव्यवसाय तथा लेखाव्यवसायीहरूको योगदानका विषयमा निकैनै चर्चा हुने गरेका छन् । यदि हामीले समाज र सर्वसाधारणको चाहनालाई नबुझ्ने हो भने हामीले सर्वसाधरणको आर्थिक विकासमा योगदान पुऱ्याउन सक्दैनौं । हाल विश्वमा पुरातन प्रतिवेदन प्रणालीबाट लेखाव्यवसायीले एकिकृत प्रतिवेदन प्रणालीको अंगिकार गरेकोले यो लेखाव्यवसायीहरूको लागि नयाँ चूनौतीको रूपमा खडा भएको छ । तसर्थ यस परिवर्तनलाई लेखाव्यवसायीले सामना गर्न तयार हुनु पर्ने बेला आएको छ ।

मेरो प्रयासले मात्र संस्थाको विकास हुन नसक्ने हुंदा पार्षद मित्रहरू, भूतपूर्व अध्यक्षहरू तथा संस्थाका कर्मचारीहरूको सहयोगबाटनै मैले मेरो कार्यकालमा संस्थाको हितको निमित्त लगाउन सकेको म ठान्दछु । सहयोग गर्नुहुने सवैलाई धन्यवाद दिन चाहन्छु ।

हाल संस्थाले सरकार तथा नियमनकारी निकायहरूसंग अति असल सम्बन्ध स्थापना गर्न सकेको छ । यो वर्ष हामीले नेपाल राष्ट्र बैंक तथा धितोपत्र बोर्डसंग बिभिन्न बैठक तथा अन्तरक्रियाहरू संचालन गऱ्यौं भने अर्थ मन्त्रालयसंग नियमित सम्पर्कमा रहेका छौं । लेखाव्यवसायको विकासको निमित्त ती संस्थाहरूबाट नियमित सहयोगको लागि अनुरोध गर्दछु ।

अन्तमा, म संस्थाका नव निर्वाचित अध्यक्ष तथा उपाध्यक्षलाई बधाई तथा शुभकामना दिन चाहन्छु । म संस्थाको समग्र विकास तथा लेखाव्यवसायको उन्नतीको निमित्त आफ्नो पूर्ण प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

सिए. मधु विर पाण्डे
अध्यक्ष

## सदस्य क्षमता अभिबृद्धि तालिम सम्बन्धमा

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले तीन स्थानमा बैशाख, जेष्ठ तथा असारमा तालिम कार्यक्रम संचालन गरेको थियो । संस्थाका सदस्यहरूको क्षमता अभिबृद्धि गरी लेखा तथा लेखा परीक्षण व्यवसायमा भएका नवीनतम परिवर्तनका जानकारी साथै बित्तीय प्रतिवेदनको प्रस्तुती, प्रस्तुतिकरण क्षमता, समय व्यवस्थापन क्षमता तथा कम्युनिकेशन क्षमता लगायत लेखापरीक्षण चरणका बारेमा सदस्यहरूलाई जानकारी गराउने उद्देश्यले सदस्य क्षमता अभिबृद्धि तालिम सम्पन्न भयो ।

| सनं | स्थान | समयाबधी | श्रोत व्यक्ति |
|---|---|---|---|
| १ | धनगढी(कैलाली) | २०-२१ बैशाख २०७० | सिए. के.एफ नाहाटा<br>श्री विनोद प्रसाद न्यौपाने, सह-निर्देशक |
| २ | बाग्लुङ्ग | २३-२४ जेष्ठ २०७० | सिए. प्रकृतिराज तिमिल्सिना<br>श्री विनोद प्रसाद न्यौपाने, सह-निर्देशक |
| ३ | पोखरा | १४-१५ असार २०७० | सिए. प्रकृतिराज तिमिल्सिना<br>श्री विनोद प्रसाद न्यौपाने, सह-निर्देशक |

उपर्युक्त बमोजिम संचालित तालिममा धनगढीमा ४१, बाग्लुङ्गमा ३२ तथा पोखरामा २१ जना सदस्यहरूले सहभागिता जनाएका थिए । तालिममा सहभागी संस्थाका सदस्यहरूलाई १५ सिपिई क्रेडिट आवर प्रदान गरिनुका साथै प्रमाणपत्र बितरण गरिएको थियो । संस्थाले यस्ता कार्यक्रम भविष्यमा गर्दैजाने लक्ष्य लिएको छ ।

## सहकारी तालिम तथा सेमिनार सम्बन्धमा

संस्थाको पोखरा शाखा कार्यालयको समुदघाटन समारोहको अवसरमा संस्थाको आयोजनामा एक दिने सहकारी विषयमा तालिम/सेमिनार समेत सम्पन्न भयो । तीन सेशनमा गरी संचालन भएको कार्यक्रमको पहिलो सेशनमा डिभिजन सहकारी कार्यालय कास्कीमा प्रमुख श्री नारायण अर्यालले Current Issues and Regulating Reporting Requirement of Cooperatives का बारेमा र दोश्रो तथा तेश्रो सेशनमा सहकारी विकास बैंकका नायव महाप्रवन्धक सिए. बद्री कुमार गुरागाईले क्रमशः PEARLS Monitoring System in Cooperatives र Cooperative Accounting, Auditing With Audit Plan विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो कार्यक्रममा त्यस क्षेत्रमा रहेका सहकारी संस्थाहरू तथा संस्थाका लेखापरीक्षक सदस्यगरी ६७ जनाको सहभागिता रहेको थियो । तालिम/सेमिनारमा भाग लिने संस्थाका सदस्यहरूलाई ६ सिपिई क्रेडिट आवर प्रदान गरिएको थियो ।

## अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन प्रमाणिकरण कोर्ष (IFRS Certification Course) संचालन




संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डे IFRS Implimentation कमिटीका अध्यक्षका साथ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले भारतको चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAI) को प्राविधिक सहयोगमा चैत्र ३०, २०६९ देखि बैशाख १५, २०७० सम्म बिभिन्न सेशनमा IFRS कोर्ष संचालन गऱ्यो । सो सात दिने कार्यक्रममा ४२ घण्टासम्म संचालित उक्त कोर्ष IFRS तथा IASका विविध पक्षहरू समेटी संचालन भएको थियो । यस कोर्षले IFRSको अवधारणा बुझ्न सहयोग गर्नुका साथै व्यवसायिक लेखापरीक्षकहरूलाई बित्तीय विवरण तयार पार्न र IAS तथा IFRSको प्रयोग बुझ्न सहयोग पुग्नेछ । उक्त सात दिने कोर्षमा निम्न विषयहरूमा सेशन संचालन गरिएका थिए ।

| Days | IFRS/ IAS |
|---|---|
| one | Introduction of IFRS, IAS 1: Presentation of Financial Statements and IAS 18: Revenue (including IFRIC 13, SIC 31 & IFRIC 18). |
| Two | IAS: 12 Deferred Taxes and IAS 16: Property, Plant and Equipment with comparison with Indian AS and IAS 38: Intangible Assets (including SIC 32). |
| Three | IFRS 10, IAS 28 &IFRS 11: Consolidation, Associates and Joint Ventures and IFRS 3: Business Combinations |
| Four | IFRS 2: Share Based Payment and IAS 21: The Effect of Changes in Exchange Rates |
| Five | IAS 37: Provisions, Contingent Liabilities and Contingent Assets (including IFRIC 1) IAS 40: Investment Property and Comparison of IFRS with I GAAP with Specific Reference to IAS 2, IAS 8, IAS 10, IAS 17, IAS 19 & IFRS 8. |
| Six | IAS 32, IAS 39 & IFRS 7: Financial Instruments |
| Seven | First Time Adoption of IFRS: Live Case Study. |

यस कोर्ष संचालनबाट सरोकारवालाहरूलाई IFRS को बारेमा ज्ञान प्राप्त हुनगई आगामी जुलाई २०१३ को मध्यदेखि कर्पोरेट ईन्टिटिज हरूमा लागुहुने Nepal Accounting Standards (NAS) कार्यान्वयनमा सहयोग पुग्नेछ भन्ने बिश्वास लिईएको छ ।

भारतबाट IAS तथा IFRS सम्बन्धी बिज्ञहरूद्वारा संचालित उक्त कोर्षमा सहभागिता जनाउने संस्थाका सदस्यहरूलाई ३० सिपिई क्रेडिट आवर प्रदान गरिएको थियो । कार्यक्रममा ३४ जनाको सहभागिता रहेको थियो ।

## पोखरा शाखा उद्घाटन सम्बन्धमा



संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डे शाखा उद्घाटनको क्रममा ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डेले २३ चैत्र २०६९ गते एक समारोहका वीच पोखरामा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको चौथो शाखाको रूपमा पोखरा शाखा कार्यालयको समुद्घाटन गर्नुभयो । यस अघिनै विराटनगर, बुटवल तथा विरगंजमा यस संस्थाको शाखा कार्यालयहरू संचालनमा आईसकेका छन् ।

समुद्घाटन कार्यक्रममा प्रमूख अतिथिको रूपमा बोल्दै संस्थाका अध्यक्ष सिए. मधु विर पाण्डेले यस शाखा कार्यालयको स्थापनाले यस क्षेत्रमा कार्यरत लेखाव्यवसायी तथा बिद्यार्थीहरू तथा सम्बन्धित सबैलाई संस्थाको सेवा प्राप्त गर्न सहज हुने कुरामा खुसी व्यक्त गर्नुभयो । साथै संस्थाले मुलुकमा लेखाव्यवसायको विकास, संरक्षण र सम्बर्द्धनमा प्रतिवद्ध रही नियमनकारी निकाय (Regulatory Body) को भूमिका सतर्कता साथ निर्वाह गर्दै आईरहेको कुरा ब्यक्त गर्नुभयो । त्यस्तै नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पार्षद आरए. बद्री भट्टराईले संस्थाको पोखरामा नयाँ शाखा खोल्ने निर्णयको प्रशंसा गर्दै यो शाखा नमूना शाखाको रूपमा अगाडी बढोस भन्दै सफलताको शुभकामना व्यक्त गर्नु भयो । त्यस्तै पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष श्री संजिव बहादुर कोइरालाले शुभकामना ब्यक्त गर्दै उद्योगी व्यवसायीहरू तथा लेखाव्यवसायीहरूका वीच सुमधुर सम्वन्ध रहने र आवश्यक सहयोगका लागि प्रतिवद्धता ब्यक्त गर्नु भयो । समारोहमा शुभकामना ब्यक्त गर्दै नेपाल राष्ट्र बैंक क्षेत्रीय कार्यालय पोखराका मुख्य व्यवस्थापन श्री ऋषिकेश भट्टले लेखापरीक्षकहरूले लेखापरीक्षणमानको पालना गरेमा यस व्यवसायको विश्वसनीयता बढ्ने धारणा राख्नु भयो । यस कुरालाई विचार गरी लेखापरीक्षकको स्वतन्त्रता र मर्यादामा आंच आउने काम गर्न नहुने कुरा व्यक्त गर्नुभयो । त्यस्तै समारोहमा नेपाल अडिटर्स एसोसिएसन (अडान) का उपाध्यक्ष आरए. विष्णुहरि तिमिल्सिना, हिसान काश्कीमा अध्यक्ष श्री रमाकान्त बराल तथा संस्थाका फेलो चार्टर्ड एकाउन्टेन्ट सदस्य सिए. विनोद चन्द्र बरालले समेत शुभकामना मन्तब्य ब्यक्त गर्नु भएको थियो ।

# शिक्षा तथा परीक्षा

## करीयर फेयर तथा करीयर काउन्सलिङ्ग

संस्थाको शिक्षा बिभागले बिगत जस्तै यसपटक जेष्ठ १० देखि १४, २०७० सम्म काठमाडौँमा संचालित बृत्ति मेलामा आफ्नो सहभागिता जनायो। यस सहभागिताले नेपालमा नै सिए शिक्षा पढ्न चाहने बिद्यार्थीहरूलाई सोही थलोमानै संस्था सम्बन्धी जानकारी, सिए शिक्षाको महत्व तथा उपदेयता, साथै उक्त शिक्षा पश्चात प्राप्त गर्न सकिने संभावित रोजगारीका अवसर, तथा संस्थाको सदस्यता समेतको बारेमा जानकारी प्रदान गराएको थियो । फेयरमा यस शिक्षामा चासो राख्ने करीव ५०० जनाले संस्थामा आबद्ध रहेका कर्मचारीहरू तथा बिद्यार्थीहरूको माध्यमबाट सिए शिक्षा सम्बन्धी जानकारी प्राप्त गरेका थिए । त्यसैगरी, चार्टर्ड एकाउन्टेन्सी शिक्षाको बढदो चाहनालाई परिपूर्ति गर्न तथा चार्टर्ड एकाउन्टेन्सी शिक्षाको महत्व बुझाउन संस्थाले देशको बिभिन्न भागमा नियमित रूपमा करीयर काउन्सलिङ्गको आयोजना गर्दै आईरहेको छ । काठमाडौँमा सम्पन्न भएको करीयर काउन्सलिङ्गमा श्रोत व्यक्तिको रूपमा सिए. सुरेश खकुरेल तथा संस्थाका प्राविधिक सह निर्देशक पुष्पेन्द्र सिंह रहनु भएको थियो । कार्यक्रममा ७० जना जिज्ञासु बिद्यार्थीहरूको सहभागिता रहेको थियो ।

त्यस्तै जेष्ठ ३० देखि असार २, २०७० सम्म काठमाडौँमा संचालित एम्बिसन करीयर फेयरमा संस्थाले बिद्यार्थीहरूको चार्टर्ड एकाउन्टेन्सी शिक्षाको बढदो चाहनालाई मध्यनजर गर्दै चार दिने कार्यक्रममा सहभागिता जनाएको थियो । फेयरमा संस्थाको तर्फबाट श्री माधव नारायण कक्षपतिले नेतृत्व गर्नुभएको थियो । फेयरमा करीव ४०० जनाले संस्थाको स्टलको भ्रमण गरी चार्टर्ड एकाउन्टेन्सी शिक्षाको बारेमा जनकारी लिएका थिए ।

## छात्रबृत्ति सम्बन्धमा

संस्थाको नीति बमोजिम प्रत्येक वर्ष जेहेन्दार, मिहेनती तथा परीक्षामा उत्कृष्ट अंक ल्यायी सफल भएका बिद्यार्थीहरूलाई संस्थाले प्रोत्साहन स्वरूप पूर्ण तथा आशिंक छात्रबृत्ति प्रदान गर्दै आएको छ । बिगत वर्षहरूमा झै संस्थामा दर्ताभएका चार्टर्ड एकाउन्टेन्सी अध्ययनरत बिद्यार्थीहरूलाई २०६९/०७० का लागि निम्न बमोजिम ३३ जनालाई छात्रबृत्ति प्रदान गर्ने निर्णय गरेको छ । जस अनुसार CAP I तथा CAP II तहका छ जनालाई पूर्ण छात्रबृत्ति तथा CAP I, CAP II तथा CAP III तहका २७ जनालाई आशिंक छात्रबृत्ति प्रदान गरिएको छ । जस मध्ये CAP I तहका १३ जना, CAP II तहका १६ जना तथा CAP III तहका ४ जना छात्रबृत्तिका लागि योग्य भएका हुन् ।

| क्र.स | तह | पूर्ण छात्रबृत्ति | आशिंक छात्रबृत्ति | कूल |
|---|---|---|---|---|
| १ | CAP I | ३ | १० | १३ |
| २ | CAP II | ३ | १३ | १६ |
| ३ | CAP III | ० | ४ | ४ |
| | जम्मा | ६ | २७ | ३३ |

यस प्रकारको छात्रबृत्तिले बिद्यार्थीहरूलाई थप हौसला मिल्ने अपेक्षा गरिएको छ ।

## बिद्यार्थी भर्ना सम्बन्धमा

चार्टर्ड एकाउन्टेन्सी शिक्षाका लागि बिद्यार्थीहरूको दाखिला संख्यामा भएको बृद्धिले यस शिक्षा प्रति आकर्षण बढदै गईरहेको इंगित गरेकोछ जसको फलस्वरूप सरल तथा सुलभ सिए शिक्षा लिन चाहने बिद्यार्थीहरूको चाप संस्थामा परेको देखिन्छ । हाल यस आर्थिक बर्षमा चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा दर्ता भई सिए शिक्षा अध्ययन गर्ने बिद्यार्थीहरूको संख्या निम्न रहेको छ ।

| आर्थिक बर्ष | CAP I | CAP II | CAP III | Total |
|---|---|---|---|---|
| २०६७/६८ (२०१०/०११) | १२२३ | ५९० | १०३ | १९१६ |
| २०६८/६९ (२०११/०१२) | ५६४ | ५६७ | १०८ | १२३९ |
| २०६९/७० (२०१२/०१३) | १०२३ | ६२२ | २११ | १८५६ |

## क्रेस कोर्ष (Crash Course) संचालन

बिगत बर्षहरूमा झै यस वर्ष परीक्षामा सामेल हुने CAP II तथा CAP III तहका बिद्यार्थीहरूको परीक्षालाई ध्यानमा राखी जुन २०१३मा संस्थाको शिक्षा बिभागले Crash Courseको संचालन गऱ्यो । बैशाख २ देखि १३ गते सम्म संचालित उक्त कोर्षमा CAP II तथा CAP III तहका क्रमशः २६ तथा १७ बिद्यार्थीहरू सामेल भएका थिए । दुवै तहका बिद्यार्थीहरूको लागि निर्धारित पाठ्यक्रम बमोजिम सम्पूर्ण विषयहरूको कक्षा संचालन भएको थियो ।

## पुस्तकालयमा थप पुस्तक सम्बन्धमा

संस्थाको शिक्षा बिभागले संस्थामा दर्ता भएका बिभिन्न तहका बिद्यार्थीहरूको आवश्यक्तालाई ध्यानमा राखी हाल व्यवस्थापन, बित्त, लेखा तथा कानून सम्बन्धी गरी करिव ६० पुस्तकहरू थप गरेको छ । हाल संस्थाको पुस्तकालयमा बसी अध्ययन गर्ने तथा केही समयका लागि पुस्तक लगि अध्ययन गर्ने बिद्यार्थीहरूको संख्यामा निकैनै बृद्धि भएको पाईएको छ ।

## पुस्तक प्रकाशन तथा वितरण सम्बन्धमा

संस्थाले चार्टर्ड एकाउन्टेन्सी कोर्षमा दर्ता भएका बिद्यार्थीहरूलाई निःशुल्क रूपमा पुस्तक बितरण गर्दै आईरहेको छ । यसै क्रममा संस्थाले CAP II तहको पाठ्यक्रम अनुसार सम्पूर्ण पुस्तकहरू तयार गरी प्रकाशनमा ल्याई निःशुल्क रूपमा बितरण गरिसकेको छ ।

## संस्थाको सदस्यता परीक्षा सम्पन्न

विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी संस्थाको सदस्यता प्राप्त गर्नको लागि २०१३ मे १५ देखि १७ सम्म संस्थाबाट संचालित सिए सदस्यता परीक्षा संचालन गरिएको थियो, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली बमोजिम विदेशी संस्थाबाट सिए उत्तीर्ण गर्नेहरूले संस्थाको सदस्यता प्राप्त गर्न परीक्षा उत्तीर्ण गर्नु पर्ने प्रवधान छ । सो परीक्षामा सामेल हुन कूल १६१ परीक्षार्थीको आवेदन परेको थियो जसमा कर्पोरेट ल, प्रत्यक्षकर तथा अप्रत्यक्षकरमा क्रमशः ९२, ११९ तथा १२१ परीक्षार्थी रहेका थिए भने कर्पोरेट ल, प्रत्यक्षकर तथा अप्रत्यक्षकरको परीक्षामा क्रमशः ८८, ११४ तथा ११९ परीक्षार्थी परीक्षामा सामेल भएका थिए ।

## जुन महिनाको चार्टर्ड एकाउन्टेन्सी परीक्षा सम्पन्न

संस्थाबाट जुन २०13 मा संचालित चार्टर्ड एकाउन्टेन्सी कोर्ष अन्तर्गत बिभिन्न तहको अन्तिम परीक्षा सम्पन्न भएको छ । जुन २ देखि जुन १०, २०13 सम्म संचालित उक्त परीक्षामा निम्न संख्यामा परीक्षार्थीहरूको आवेदन र सहभागिता रहेको थियो ।

| क्र.सं | तह | बिद्यार्थी बिवरण | पहिलो समूह | दोश्रो समूह | दुबै समूह | कूल |
|---|---|---|---|---|---|---|
| १ | CAP I (New) | आवेदक संख्या | | | | ५४२ |
| | | परीक्षामा सामेल | | | | ५२५ |
| २ | CAP I | आवेदक संख्या | ७४ | ३७ | ८० | १९१ |
| | | परीक्षामा सामेल | ७१ | ३३ | ६६ | १७० |
| ३ | CAP II | आवेदक संख्या | २२८ | १६१ | ५९३ | ९८२ |
| | | परीक्षामा सामेल | १८४ | १४१ | ५७९ | ९०४ |
| ४ | CAP III | आवेदक संख्या | ७२ | ७४ | १०६ | २५२ |
| | | परीक्षामा सामेल | ६६ | ७१ | १०५ | २४२ |

सवै तहका गरी १९६७ बिद्यार्थीले परीक्षामा आवेदन गरेकोमा कम्तिमा एक विषय दिने बिद्यार्थीको संख्या १८४१ रहेको थियो । संस्थाले लिने परीक्षा प्रत्येक वर्ष जुन तथा डिसेम्वर महिनामा संचालन हुने गर्दछ ।

## लेखा प्राबिधिज्ञ (एकाउन्टिङ्ग टेक्नीशियन) परीक्षाको परीक्षाफल प्रकाशित

संस्थाद्वारा मार्च २०१३मा संचालित लेखा प्राबिधिज्ञ (एकाउन्टिङ्ग टेक्नीशियन) परीक्षाको परीक्षाफल परीक्षा समितिको निर्णय अनुसार प्रकाशित गरिएको छ । प्रकाशित नतिजा अनुसार ८ जना परीक्षार्थी उत्तीर्ण भएका छन् । परीक्षाको निमित्त १५ जनाले आवेदन फारम भरेकोमा १४ परीक्षार्थीले परीक्षामा आफ्नो उपस्थिति जनाएका थिए । परीक्षा प्रत्येक वर्ष मार्च तथा सेप्टेम्बर महिनामा संचालन हुने गर्दछ ।

## सदस्य बर्गबृद्धि लिखित परीक्षा सम्पन्न

संस्थाबाट जुन २ देखि जुन ५,२०13 सम्म संचालित सदस्य बर्ग बृद्धि परीक्षा अन्तर्गत 'ग' तथा 'घ' बर्गका सदस्यहरूको लिखित परीक्षा सम्पन्न भएको छ । संस्थाले शैक्षिक योग्यताको आधारमा वार्षिक रूपमा लिखित परीक्षा संचालन गर्दै आईरहेको छ । लिखित परीक्षामा 'ग' बर्गबाट 'ख' बर्गको निमित्त तथा 'घ' बर्गबाट 'ग' बर्गको निमित्त क्रमशः १२ र २ जनाले आवेदन दिएकोमा क्रमशः ९ र १ जनाले मात्र परीक्षामा उपस्थिति जनाएका थिए ।

## सदस्य तथा व्यवसायिक विकास विभाग सम्बन्धमा

### सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था सम्बन्धमा

१ श्रावण २०६९ देखि २०७० असारसम्म संस्थाको सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्थाको हालको स्थिति तथा नवीकरण स्थिति निम्न बमोजिम रहेको छ ।

| सदस्य | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| सिए/एफसिए | ६६३ | ४७९ | ५५८ | २५० | ४६४ | २१८ |
| आरए. बी | ३३७२ | २१४५ | ३१२६ | १६१८ | ९०६ | ६८९ |
| आरए. सी | १६११ | ९६१ | १४७४ | ७९७ | ३१८ | २०८ |
| आरए. डी | २२९४ | १४०७ | २१०० | १२५० | २१४ | १५४ |
| **कूल सदस्य** | **७९४०** | **४९९२** | **७२५८** | **३९१५** | **१९०२** | **१२६९** |

## सिपिई तालिम संचालन

सदस्यहरूको क्षमता अभिबृद्धि गर्दै लैजाने लक्ष्य अनुरूप संस्थाले लेखाव्यवसाय पेशा गर्न चाहने पेशागत प्रमाणपत्र प्राप्त संस्थाका सदस्यहरूलाई अनवरत व्यवसायिक शिक्षा अनिवार्य गर्दै आईरहेको छ । अनवरत व्यवसायिक शिक्षा प्रदान गर्न संस्थाले ६ बिभिन्न संस्थाहरूलाई अनुमति प्रदान गरेको छ । अनुमति प्राप्त गर्नेमा नेपाल अडिटर्स एसोसिएशन (अडान), ईन्टरनेशनल कलेज अफ एकाउन्टेन्सी (इन्का), चार्टर्ड एकेडेमिक ईन्टरनेशनल (सि ए आई), ईन्स्टिच्यूट अफ प्रोफेशनल एक्सिलेन्सी(आई पि ई), प्रिज्म सेन्टर अफ लर्निङ (प्रिज्म) तथा प्रोफेशनल सोलुसन (पि एस) रहेका छन् । हाल सम्म नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था लगायत तालिम प्रदान गर्न अनुमति प्रदान गरिएका संस्था गरी काठमाडौं, महेन्द्रनगर, नारायणघाट, भैरहवा, बागलुङ्ग, जनकपुर, बिराटनगर, बीरगंज, बिर्तामोड, हेटौंडा, बुटवल, धरान, दाङ्ग, पोखरा, ईलाम, धनगढी तथा नेपालगंजमा वार्षिक कार्यतालिका अनुसारका सिपिई कार्यक्रमहरू सम्पन्न भएका छन् । कार्यक्रमबाट करिव ३१७० सदस्यहरू लाभान्वित भएका छन् ।

## अध्यक्ष तथा उपाध्यक्ष निर्वाचित



निर्वाचित अध्यक्ष सिए. महेश कुमार गुरागाईं (दायाँ) तथा उपाध्यक्ष सिए. नरेन्द्र भट्टराई (वायाँ)।

छैठौं परिषदको दोश्रो कार्यकाल (२०७०/०७१) को निमित्त मिति २०७०/०३/२८ गते संस्थाको कार्यालयमा अध्यक्ष तथा उपाध्यक्षको निर्वाचन सम्पन्न भयो । उक्त निर्वाचनमा सिए. महेश कुमार गुरागाईं अध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनुभयो भने मतदान प्रक्रिया मार्फत सम्पन्न भएको निर्वचनमा सिए. नरेन्द्र भट्टराई उपाध्यक्ष पदमा निर्वाचित हुनु भयो । सिए. महेश कुमार गुरागाईंले यस भन्दा अघि छैठौं परिषदको प्रथम कार्यकालमा उपाध्यक्ष भई आफ्नो भूमिका निभाउनु भएको थियो भने सिए. नरेन्द्र भट्टराई पार्षद्को भूमिकामा रहनुभएको थियो । उहाँहरू दुवैलाई बधाई तथा शुभकामना ।

## कार्यकारी निर्देशकको पदावधि थप



नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको परिषदले सिए. विनय प्रकाश श्रेष्ठलाई कार्यकारी निर्देशक पदमा दोश्रो पदावधिको लागि १ चैत्र २०७० देखि लागुहुने गरी थप गरेको छ । सिए. श्रेष्ठले यस अघि पनि संस्थामा कार्यकारी निर्देशक पदमा चार बर्ष रही आफ्नो काम गर्नुभएको थियो । बधाई !!!

## अन्तर्राष्ट्रिय सहभागिता

### CAPA कमिटी र बोर्ड मिटिङ्ग तथा CAPA AGM मा सहभागी

२३ देखि २५ मे सम्म क्यानडाको भेन्कोभरमा संचालन भएको बिभिन्न CAPA कमिटी र बोर्ड मिटिङ्ग तथा CAPA AGM मा संस्थाको तर्फबाट अध्यक्ष सिए. मधु विर पाण्डे र उपाध्यक्ष सिए. महेश कुमार गुरागाईले भाग लिनु भयो ।

### SAFA बोर्ड तथा कमिटी मिटिङ्ग र अन्तर्राष्ट्रिय कन्फरेन्स सम्बन्धमा

१७ देखि १९ जुन २०१३ सम्म श्रीलंकाको कोलम्बोमा CMA ICASL ले आयोजना गरेको SAFA कमिटी, बोर्ड मिटिङ्ग तथा अन्तर्राष्ट्रिय कन्फरेन्स CMA International Management Accounting Conference 2013 on "Sustainable Value Creation Through Cost Efficiency" मा संस्थाको तर्फबाट अध्यक्ष सिए. मधु विर पाण्डे, पार्षद मोहन पराजुली, तथा पूर्व अध्यक्षहरू सिए. नारायण बजाज र सिए. सुवोध कुमार कर्णले भाग लिनु भयो ।

## एक व्यक्ति एक पेशा क्रमिक रूपमा लागु गर्ने बारे सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ बमोजिम मिति २०६७ पौष २० गते देखि पूर्णकालीन सेवामा रहेका चार्टर्ड एकाउन्टेन्ट सदस्यहरुलाई पेशागत प्रमाणपत्र रोक लगाउने कार्य भइसकेको र २०७० श्रावण १ गते देखि पूर्णकालीन सेवामा रहेका दर्तावाला लेखापरीक्षक सदस्यहरुलाई पेशागत प्रमाणपत्र रोक लगाउने व्यवस्था रहेको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम १ को उपनियम (२) को प्रतिबन्धात्मक हरफ "एक व्यक्ति एक पेशाको प्रावधान" दर्तावाला लेखापरीक्षक सदस्यहरुलाई २०७० श्रावण ०१ गतेदेखि प्रारम्भ गर्ने भएकोमा सो व्यवस्थालाई यथावत राखी क्रमिक रुपमा लागु गर्ने निर्णय भएको छ ।

पूर्णकालिन सेवारत दर्तावाला लेखापरीक्षक सदस्यहरुले यस आ.व. २०७०।७१ को लागि आफ्नो पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी फर्मको नविकरण गर्न आउंदा पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी फर्मको सक्कल प्रमाणपत्र सहित उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ । सेवारत सदस्यले लेखापरीक्षण गर्न पाउने क्षेत्र तथा सिमाको हद तोकिए बमोजिम हुने व्यहोरा सम्वन्धीत सवैको लागि जानकारी गराइन्छ र यस सम्वन्धि विस्तृत विवरणको लागि संस्थाको वेवसाइट www.ican.org.np मा हेर्नुहोला ।

प्रापकको नाम र ठेगाना:

टिकट

प्रकाशक : सम्पादन समिति

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

(Established under the Nepal Chartered Accountants Act, 1997)

बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९, फोन: ०१-४२५८५६९/४२६९१३०

फ्याक्स: ००९७७-१-४२५८५६८, इमेल: ican@ntc.net.np, वेवसाइट: www.ican.org.np

शाखाहरू : विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा